annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४०, पृष्ठ ८ | काठमाडौं, मंगलबार २६ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष नवमी, नेपाल संवत् ११४६ | TUESDAY, JUNE 9, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# देश स्तरोन्नतिको अवसर: किन पन्छियो सरकार ?




६७ वर्ष लामो योजनाबद्ध विकासको अभ्यासका क्रममा तीनवटै विश्वव्यापी सूचक पूरा गरी नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने संघारमा छ। यो नेपालका लागि ऐतिहासिक अवसर हो। तर, झन्डै दुईतिहाइ जनमतसहित ५ वर्षको जनादेश पाएको सरकार विकासशील राष्ट्रमा स्तरोन्नतिको प्रक्रियाबाट पछि हटेको छ। सरकारले अतिकम विकसित मुलुककै सूचीमा रहन चाहेको संकेत गर्दै संयुक्त राष्ट्रसंघलाई पत्राचार गरेको छ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २

## अल्पविकसित राष्ट्र

## फिलिपिन्समा ७.८ म्यागिनच्युडको शक्तिशाली भूकम्प




» विस्तृत पृष्ठ ५

## क्रियाशील सदस्य घट्दा चर्कंदै कांग्रेस विवाद

**राधा खनाल** | *काठमाडौं*





क्रियाशील सदस्यता अद्यावधिकको विषयले कांग्रेसको गुट विवाद फेरि सतहमा आएको छ। पार्टीले डिजिटल प्रणालीमार्फत सदस्यता अद्यावधिक अभियान सञ्चालन गरिरहँदा सदस्य संख्यामा ठूलो गिरावट आएपछि यो विवादले कांग्रेसको राजनीति तरंगित बनेको हो।

क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य प्रकाश रसाइलीका अनुसार सोमबार साँझसम्म ५ लाख २ हजार ३ सय ८१ जनाले डिजिटल अद्यावधिक गरिसकेका छन्। उनले भने, 'अघिल्लो साताभन्दा यो साता एकदमै धेरैले अद्यावधिक गर्नुभएको छ। यो उत्साहप्रद नै छ।'

१५औं महाधिवेशनको नेतृत्व संघर्षसँग जोडिएकाले सदस्यता विवाद थप चर्किने सम्भावना छ। वैशाख १ गतेदेखि सुरु भएको अभियानको समयसीमा जेठ २८ सम्म छ। कांग्रेसको १४औं महाधिवेशनमा साढे ८ लाख क्रियाशील सदस्य थिए। तीमध्ये सबैभन्दा बढी बागमती प्रदेशबाट र सबैभन्दा कम कर्णाली प्रदेशबाट थिए।

महामन्त्री प्रदीप पौडेलले डिजिटल सदस्यता अद्यावधिक गर्नेको संख्या बढिरहेको दाबी गरेका छन्। 'अझै १-२ दिन बाँकी रहेकाले यो संख्या राम्रो हो। यसपालि सबैभन्दा बढी अद्यावधिक गण्डकी र लुम्बिनी प्रदेशबाट आएको छ भने सबैभन्दा कम मधेसबाट आएको छ। पछिल्लो १-२ दिनयता मधेसबाट पनि अद्यावधिक गराउनेको गति बढेको छ,' उनले भने।

कांग्रेसमा क्रियाशील सदस्य पार्टीका प्रारम्भिक मतदाता हुन्। क्रियाशील सदस्यहरूले वडाबाट क्षेत्रीय प्रतिनिधि चयन गर्छन् र निर्वाचित प्रतिनिधिहरूले केन्द्रीय सभापतिसहित केन्द्रीय कार्यसमिति चयन गर्छन्। आगामी असोज ९-१४ गतेसम्म हुने केन्द्रीय महाधिवेशनलाई लक्षित गरेर सदस्यता अद्यावधिक गर्न लागिएको हो।

» बाँकी पृष्ठ ६

## बाघ गणना सकियो, गैंडाको चाहिँ रोकियो

**नितु घले** | *काठमाडौं*



यस वर्ष नेपालमा बाघ र गैंडा दुवैको गणना गर्ने योजना रहे पनि आर्थिक स्रोत, जनशक्ति अभाव तथा उच्च जोखिमका कारण गैंडा गणना हुन सकेन। गत डिसेम्बरदेखि मार्चसम्म बाघ गणना सम्पन्न भए पनि गैंडाको गणना स्थगित गरिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले परम्परागत शैलीभन्दा वैज्ञानिक विधि अपनाएर आगामी गणना गर्ने तयारी भइरहेको जनाएको छ। विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलका अनुसार बाघको तुलनामा गैंडा गणना बढी जोखिमपूर्ण हुन्छ।

पौडेलका अनुसार गैंडा तथा बाघ गणना दुवै अत्यन्त खर्चिलो र जटिल काम हुन्। उनले भने, 'ठूलो बजेट चाहिने भएकाले यसपटक गैंडाको गणना गर्न सकेनौं। बाघको गणना भने गरियो। एकै वर्ष दुवै प्रजातिको गणना गर्दा धेरै खर्च हुने भएकाले सम्भव भएन।'

कम्तीमा ४ वर्ष पुगेपछि बाघ परिपक्व हुन्छ भने गैंडालाई परिपक्व हुन ४ देखि ५ वर्ष लाग्छ। त्यसैले यी वन्यजन्तुको गणना ४/४ वर्षको अन्तरालमा गर्ने गरिन्छ।

आगामी दिनमा गैंडा गणनाको पुरानो शैली परिवर्तन गर्न लागिएको पनि पौडेलले बताए। उनका अनुसार गैंडा गणनाका लागि दिनभरि हात्ती चढेर फिल्डमा खटिनुपर्छ। चितवनमा मात्रै गणना गर्न कम्तीमा २५ दिन लाग्छ। 'गणनाका क्रममा सुरक्षाको जोखिम पनि उत्तिकै हुन्छ। हात्तीले लात हान्न सक्छ, कहिलेकाहीं रिसाएर अनियन्त्रित पनि हुन्छ। कम्तीमा ३० देखि ३५ वटा हात्ती बिहानैदेखि परिचालन गर्नुपर्छ। ती हात्तीलाई खुवाउनुपर्छ। माहुते, गणक र व्यवस्थापकसहित करिब सय जनाको टोली क्याम्प बनाएर बस्नुपर्छ,' उनले भने, 'कम्तीमा २५ दिनमा मात्रै गणना सकिन्छ। त्यसैले गैंडा गणनाका लागि ठूलो जनशक्ति र स्रोत आवश्यक पर्छ।'

» बाँकी पृष्ठ ६

टिप्पणी

## कचौरा थापेर कहिलेसम्म बस्ने ?

**प्रा.डा. चन्द्रमणि अधिकारी,** अर्थविद्



संयुक्त राष्ट्रसंघको विकास नीति समितिले प्रतिव्यक्ति न्यून आय भएका, मानव सम्पत्तिको न्यून स्तरको विकास भएका र आर्थिक तथा वातावरणीय जोखिममा रहेका मुलुकलाई अतिकम विकसित मुलुक (एलडीसी)का रूपमा लिने गरेको छ।

अतिकम विकसित राष्ट्रहरूबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि प्रतिव्यक्ति कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचकांक र आर्थिक तथा वातावरणीय जोखिम सूचकांकको मापदण्ड पूरा गरेको हुनुपर्छ। नेपालले दुईवटा मापदण्ड पहिले नै पूरा गरिसकेको थियो। अहिले प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा वृद्धि भएपछि तीनवटै मापदण्ड पूरा गरी विकासशील राष्ट्रमा स्तरोन्नति हुने अवसर प्राप्त भएको छ। राष्ट्रसंघको परिभाषा र दुईवटा सूचकको मापदण्ड पूरा भएपछि पनि स्तरोन्नति हुन सकिन्छ। नेपाल पहिले नै स्तरोन्नति हुन सक्थ्यो, तर भूकम्प र कोभिड-१९ को संक्रमणलाई देखाएर स्तरोन्नतिबाट पछि हट्यो। जसका कारण संघले सन् २०२६ नोभेम्बरसम्मको समयसीमा दिएको हो।

अहिले झन्डै दुईतिहाइको जनमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को एकल सरकार छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार आँटिलो छ र अहिले चौतर्फी अवसर पनि छ। आर्थिक वातावरण सुधार गर्छु भन्ने प्रतिबद्धता व्यक्त गरेको र वैदेशिक पुँजी तथा जनशक्ति भित्र्याउने घोषणा गरेको यो सरकारले पनि नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनबाट रोक्दै खुट्टा कमायो। यो सरकार मुलुकको स्तरोन्नतिमा पछि हट्ला भन्ने त सोचेकै थिइनँ। सत्ताबाहिर बसेर बोल्नु र सत्तामा पुगेपछि आँट पुऱ्याउनुमा फरक रहेछ भन्ने यसबाट प्रमाणित भएको छ।

हामीसँग स्रोतसाधन नभएको होइन, जनशक्ति, सम्भाव्यता वा अवसर नभएको पनि होइन। प्राकृतिक स्रोतसाधन प्रशस्त छ। पानीकै पनि उचित उपयोग गर्न सकिएको छैन। जलस्रोतलाई जलविद्युत्‌को दृष्टिले मात्र हेरिएको छ, जबकि यसको उपयोग बहुमुखी छ। अरब राष्ट्रहरूले नुनिलो पानीलाई प्रशोधन गरेर पिइरहेका छन्। हाम्रोमा शुद्ध र स्वच्छ पानीलाई धेरै ढंगले उपयोग गर्न सकिन्छ। 'पानी अल्मल्याऔं, गति कम गरौं' भन्ने त नारा नै बनाएको छु। हामीकहाँ थरीथरीका पानी छन्- हिमनदीबाट आउने पानी छ, सिमसारको पानी छ र बर्खामा आकाशबाट परेर आउने पानी छ। हाम्रो सबै खालको पानी धेरै ढंगले राम्रो छ। पानी परेको बढीमा ३६ घण्टाभित्र सीमापार गर्दो रहेछ। त्यसैले मैले पानी अड्याउने वा अल्मल्याउने भनेको हुँ। पानीको बहुमुखी उपयोग गर्ने हो- जलविद्युत्, सिँचाइ, थरीथरीका तालतलैयाको सिर्जना गर्ने, सिमसारको संरक्षण गर्ने र नयाँ सिमसार तयार गर्ने हो। प्रकृतिलाई नबिगारी आधुनिक किसिमले प्रविधिको उपयोग गरी गरा प्रणालीलाई पुनर्जीवित गर्न सकिन्छ। कुवा र पोखरी निर्माण गरी पानीको गतिलाई ७२ घण्टा पुऱ्याउन सके पानीबाटै धेरै फाइदा लिन सकिन्छ। राजमार्गमा प्यानल बनाएर छोड्ने हो भने चुरे पुनर्जीवित हुन्छ र तराई रसिलो हुन्छ। पानीबाट घरेलु उपयोग र जलविद्युत् उत्पादनमात्र होइन, हिमालबाट झरेको पानीलाई बोटलिङ गरेर विदेश निर्यातसमेत गर्न सकिन्छ। यो त एउटा उदाहरणमात्र हो।

सधैं गरिब छौं भन्दै अतिकम विकसित राष्ट्रको रूपमा कचौरा थापेर बसिरहनु उचित होइन। अब पनि स्तरोन्नति नहुने हो भने अन्य विकसित मुलुकहरूले पत्याउँदैनन्। हो, स्तरोन्नतिपछि चुनौती नभएको होइन। स्तरोन्नति भएमा अन्तर्राष्ट्रिय बजारमा पहुँच पुग्दैन, हाम्रा वस्तुहरू महँगा हुन्छन्, हामीले प्राथमिकता पाउँदैनौं र सहुलियत दरमा ऋण पाउँदैनौं भनेर पछि हट्नु हुँदैन। के ऋण सहायता लिएर त्यसको सही उपयोग गर्न सकिएको छ त ? कत्तिको उपयोग भएको छ? अहिले विश्वमा अनुदान दिन सक्ने क्षमता नै घट्दै गएको अवस्था छ। मुलुकको स्तरोन्नति भए पनि वा नभए पनि अब हामीलाई अनुदान धेरै आउँदैन। विश्वका शक्तिशाली राष्ट्रहरू युद्धमा छन् र उनीहरूको खर्च युद्धका लागि भइरहेको छ; त्यसैले पनि अनुदान आउँदैन। ४० र ५० को दशकमा गार्मेन्ट तथा गलैंचाको अन्तर्राष्ट्रिय बजारमा राम्रो पहुँच थियो। अहिले रेमिट्यान्सबाट रकम आए जस्तै, त्यतिबेला निर्यातको ७९ प्रतिशत विदेशी मुद्रा गार्मेन्ट र गलैंचाबाट आउँथ्यो। अहिले त्यो अवस्था छैन।

मुलुकको स्तरोन्नतिपछि सकारात्मक र नकारात्मक प्रभाव कहाँ-कहाँ पर्छ, त्यसमा अध्ययन गरी रणनीतिक योजना बनाउन सकिन्छ। यो आजको भोलि नै लागू हुने होइन। ग्रेस अवधि तय गरेर वैकल्पिक उपाय खोज्न सकिन्छ। कतिपय मुलुकसँग द्विपक्षीय वार्ता वा सहमति गरी विशेष सम्झौता गर्न सकिन्छ। तर, सरकार रणनीतिक उपाय खोज्नेतिर गएन, बरु सजिलो बाटो रोज्यो। सरकारले चुनौतीको सामना गर्ने बाटो खोज्नुपर्थ्यो। अब त सहायता माग्दा दाताले पनि 'सधैं मागिरहन्छन्' भन्ने हेयको दृष्टिले हेर्न सक्छन् र सहायता पाइरहन्छौं भन्ने निश्चित पनि छैन।